# तिरहुत गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सप्तरी

पत्र संख्याः २०८१/०८२ (शिक्षा शाखा)
चलानी नं. १२६०
Website:www.tirahutmun.gov.np
Email:info@tirahutmun.gov.np

तिरहुत गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गोईठी, सप्तरी मधेश प्रदेश, नेपाल

मितिः२०८२/०१/१४

विषयः कागजात पेश गर्ने तथा अनुदान रकम निकासा माग गर्ने सम्बन्धमा।

श्री सम्पूर्ण सामुदायिक तथा धार्मिक विद्यालय,
तिरहुत गाउँपालिका,सप्तरी।

प्रस्तुत विषयमा शैक्षिक सत्र २०८१ को विद्यालमा निकासा हुने देहायका शिर्षकहरुमा कार्यक्रम कार्यान्वयन कार्यविधि (आ.व. ०८१/०८२) मा तोकिएबमोजिमको रकम विद्यालयमा सञ्चालित कक्षा,कक्षागत विद्यार्थी संख्या,कक्षागत रुपमा छात्रवृत्ति प्राप्त गर्ने दलित तथा शतप्रतिशत छात्राको संख्या खुल्ने गरी अलग अलग फाइल बनाई सातदिन भित्र अनुदान रकम निकासाको लागि माग गर्न साथै तल उल्लिखित कागजात १५ दिन भित्र गाउँपालिकाको कार्यालयमा पेश गर्न अनुरोध छ।

अनुदान रकम माग गर्ने शिर्षकहरु

१) प्रशासनिक मसलन्द,सामाजिक परीक्षण तथा लेखापरीक्षण,विद्यालय सुधार योजना निर्माण अनुदान रकम,

२) कक्षा १ देखि १० सम्म र कक्षा ११ मा अध्ययनरत विद्यार्थीहरुको लागि, निःशुल्क पाठ्यपुस्तक अनुदान रकम(शैक्षिक सत्र २०८१ को कक्षागत विद्यार्थीको लागि आवश्यक पुस्तक खरिद गर्न चाहिने जम्मा रकमको ७५ प्रतिशतले हुन आउने रकम मात्र निकासा माग गर्ने,

३) गैह्र आवासीय छात्रवृत्ती प्रति विद्यार्थी रु. ४०० को दरले कक्षा १ देखि ५ सम्मका सवै दलित र छात्राहरुको लागि पुग्ने रकम,

४) तेस्रो त्रैमासिक दिवाखाजाको रकम विद्यार्थी हाजिरीको प्रमाणित प्रतिलिपी र वि.व्य.स.को रकम माग गर्ने निर्णयको प्रतिलिपी तथा माग फाराममा अध्यक्षको हस्ताक्षर अनिवार्य,

५) प्रति विद्यार्थी लागत,शैक्षिक सामाग्री अनुदान,डिजिटल सिकाइ सामाग्री व्यवस्थापन अनुदान,

६) सूचना प्रविधिको प्रयोग गरि शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्ने विद्यालयले मात्र तोकिएबमोजिम इन्टरनेट जडान तथा शुल्क वापतको रकम माग गर्ने।

अनुदान रकम निकासाको लागि माग फारामसँगै पेश गर्नु पर्ने कागजात बाहेक तपसिल अनुसारका कागजात अनिवार्य रुपमा पेश गर्नु पर्नेछः

१/१४
विजय कुमार देवकोटा
शिक्षा अधिकृत



CS CamScanner

# तिरहुत गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पत्र संख्या: २०८१/०८२ (शिक्षा शाखा) गोविन्दपुर, सप्तरी Website:www.tirahutmun.gov.np
चलानी नं. १२६० मधेश प्रदेश,नेपाल Email:info@tirahutmun.gov.np

१) आ.व. २०७९/०८० को आर्थिक लेखापरीक्षण प्रतिवेदन,
२) आ.व. २०८०/०८१ को सामाजिक परिक्षण प्रतिवेदन,
३) आ.व. २०८०/०८१ को विद्यालय सुधार योजना र सामाजिक परीक्षण प्रतिवेन,
४) विद्यालयमा कार्यरत सम्पुर्ण शिक्षकहरुको नियुक्ति,सरुवा,बढुवा लगायतका सम्पूर्ण विवरण तथा निजले तलव भत्ता प्राप्त गर्ने स्रोत समेत खुल्ने कागजात सहितको अलग अलग व्यक्तिगत विवरण फाइल,
५) नियमित रुपमा सञ्चयकोष,नागरिक लगानी कोष,विमा वापतको रकम जम्मा तथा सामाजिक सुरक्षा कर जम्मा गरेको भौचरको प्रतिलिपी,
६) विद्यालयले विद्यार्थीलाई खाजा खुवाउने मेनु र दोस्रो त्रैमासिक सम्म विद्यालयमा गएको दिवा खाजा वापतको जम्मा निकासा रकम र रकम खर्च गरेको विल तथा भर्पाइको प्रतिलिपी,
(नोट: विद्यालयले पेश गर्ने विल तथा भर्पाइ प्रचलित सार्वजिनिक खरिद ऐन तथा नियमावलिमा भएको व्यवस्था बमोजिम हुनु पर्नेछ।विद्यालयले गाउँपालिकामा जुनसुकै प्रकारको अनुदान तथा तलव भत्ता वापतको रकम निकासा माग गर्दा वि.व्य.स.को निर्णय अनिवार्य पेश गर्नु पर्नेछ। विद्यालयको सामाजिक परीक्षण "सामाजिक परीक्षण मापदण्ड २०७८" को व्यवस्थानुसार गर्नु पर्ने छ अन्यथा मान्यता दिइने छैन। प्रतिविधार्थी लागत,पाठ्यपुस्तक,छात्रवृत्ति लगायतका रकम माग गर्दा वास्तविक र एकीकृत शैक्षक तथ्याङ्कमा प्रविष्ट विधार्थीको मात्र हिसाव गर्नु पर्नेछ। कम्प्युर उपलब्ध गराइएका वा सो वापत अनुदान प्राप्त गरेका विद्यालयबाट प्राप्त हुने कुनै पनि हस्त लिखित निवेदन तथा माग फाराम स्वीकार गरिने छैन। विद्यालयमा दिइने निकासाको लागि सामाजिक परीक्षण प्रतिवेदन अनिवार्य पेश गर्नु पर्ने कानुनी प्रावधान भएको हुँदा माग गरिएबमोजिमका कागजातहरु समयभित्रै उपलब्ध नगराउने विद्यालयमा कुनै पनि प्रकारको अनुदान तथा शिक्षक त.भ. लगायतको रकम निकासाको लागि सिफारिस गर्न नसकिने व्यहोरा समेत अनुरोध छ।)

**<u>सादर अवगतार्थ:</u>**

१) श्री अध्यक्ष ज्यू तिरहुत गाउँपालिका
२) श्री उपाध्यक्ष ज्यू तिरहुत गाउँपालिका
३) श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू तिरहुत गाउँपालिका

**<u>बोधार्थ:</u>**

१) श्री सूचना प्रविधि शाखा पत्र वेवसाइटमा अपलोड गरी दिनु हुन।

०१/१४

विजय कुमार देवकोटा
शिक्षा अधिकृत



CamScanner